# संगठित संस्था एकआपसमा गाभ्ने गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९ (प्रारम्भिक मस्यौदा)

प्रस्तावनाः धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण तथा धितोपत्रको कारोवार र विनिमयलाई व्यवस्थित गर्न सूचीकृत संगठित संस्था गाभ्ने, गाभिने तथा प्राप्ति सम्बन्धी कार्यलाई नियमित तथा व्यवस्थित गर्नुपर्ने भएकोले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ४३क को प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो निर्देशिकाको नाम "संगठित संस्था एकआपसमा गाभ्ने गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "गाभ्ने गाभिने" भन्नाले बोर्डमा धितोपत्र दर्ता गराएका दुई वा दुई भन्दा बढी संगठित संस्था वा बोर्डमा धितोपत्र दर्ता गराएका संगठित संस्था र धितोपत्र दर्ता नगराएका संगठित संस्थाबीच एक आपसमा भएको सम्झौता बमोजिम गाभिने संस्थाको अस्तित्व समाप्त भई गाभ्ने संस्थामा समाहित हुने कार्य सम्झनु पर्छ र सो शब्दले दुई वा दुई भन्दा बढी संगठित संस्था एक आपसमा गाभिई नयाँ संस्था बन्ने कार्य समेतलाई जनाउँछ ।

(ग) "गाभ्ने संस्था" भन्नाले गाभिने संस्थाको सम्पत्ति, दायित्व वा व्यवसायलाई आफूले स्वीकार गरिलिन मन्जुर गरेको संगठित संस्था सम्झनु पर्छ ।

(घ) "गाभिने संस्था" भन्नाले आफ्नो सम्पत्ति, दायित्व वा व्यवसायलाई गाभ्ने संस्थामा हस्तान्तरण गर्ने तथा गाभ्ने कार्य समाप्त भएपछि कानूनी अस्तित्व समाप्त हुने संगठित संस्था सम्झनु पर्छ ।

(ङ) "धितोपत्र बजार" भन्नाले धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रुपमा धितोपत्रको खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजार, स्थान वा सुविधा सम्झनु पर्छ ।

(च) “नियमावली” भन्नाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (संशोधन सहित) सम्झनु पर्छ ।

(छ) “प्राप्ति” भन्नाले एउटा संगठित संस्थाले समान प्रकृतिको अर्को संगठित संस्थाको सम्पूर्ण सम्पत्ति तथा सम्भावित दायित्वको हरहिसाब गरी संगठित संस्थाको कानूनी हैसियत समाप्त हुने गरी आफूमा समाहित गर्ने कार्य सम्झनु पर्दछ ।

(ज) “प्राप्ति गर्ने संस्था” भन्नाले एउटा संगठित संस्थाले अर्को लक्षित संस्थाको सम्पूर्ण कारोवार स्वीकार गर्ने मूल संगठित संस्थालाई सम्झनु पर्दछ ।

(झ) “बोर्ड” भन्नाले ऐनको दफा ३ को उपदफा (१) बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ञ) “लक्षित संस्था” भन्नाले यस निर्देशिका बमोजिम प्राप्ति गर्ने संगठित संस्थामा सम्पूर्ण सम्पत्ति तथा दायित्व समेत समाहित हुन जाने संगठित संस्था सम्झनु पर्दछ ।

(ट) “शेयर आदान प्रदान अनुपात” भन्नाले गाभ्ने गाभिने वा लक्षित संस्थाका शेयरधनीहरुले आफ्नो प्रत्येक शेयर बापत गाभिएपछि कायम हुने संस्था वा प्राप्ती गर्ने संस्थाको पाउने शेयरको संख्यालाई सम्झनुपर्छ ।

(ठ) “संगठित संस्था” भन्नाले धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्ने गरी प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था सम्झनु पर्छ ।

तर सो शब्दले प्राइभेट लिमिटेड कम्पनी वा सहकारी संस्थालाई जनाउने छैन ।

## परिच्छेद-२

## प्रारम्भिक समझदारी सम्बन्धी व्यवस्था

३. **साधारण सभाबाट प्रस्ताव पारित गर्नुपर्ने :** बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्था र अर्को संगठित संस्था गाभ्ने गाभिने वा प्राप्ति गर्ने भएमा सो गर्नुपूर्व सम्बन्धित संस्थाहरुले आ-आफ्नो साधारण सभाबाट गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी कार्य अगाडि बढाउने प्रस्ताव पारित गर्नुपर्नेछ ।

४. **उपयुक्त संस्था तय गर्ने** : (१) संगठित संस्थाको संचालक समितिले गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धमा उपयुक्त संस्था तय गरी यस निर्देशिका बमोजिम गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी कार्य अगाडि बढाउनु पर्नेछ ।

(२) गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी जानकारी राख्ने संगठित संस्थाका संचालक, कर्मचारी, तथा अन्य सम्बन्धित पक्षले प्रारम्भिक समझदारी नभएसम्म गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धमा कुनै पनि सूचना तथा जानकारी सार्वजनिक गर्न पाइने छैन ।

(३) गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धमा कुनै पनि सूचना तथा जानकारी सार्वजनिक नगर्ने सम्बन्धमा सो जानकारी राख्ने संगठित संस्थाका संचालक, कर्मचारी तथा अन्य सम्बन्धित पक्षले संगठित संस्थाको कम्पनी सचिव समक्ष लिखित प्रतिबद्धता पेश गर्नु पर्नेछ ।

५. **प्रारम्भिक समझदारी गर्नुपर्ने** : (१) दफा ४ बमोजिम सम्बन्धित संगठित संस्थाको संचालक समितिले गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी निर्णय गरे पश्चात प्रारम्भिक समझदारी गर्नुपर्नेछ ।

(२) संगठित संस्थाले उपदफा (१) बमोजिमको प्रारम्भिक समझदारी गर्दा देहायको विषय खुलाउनु पर्नेछ :-

(क) साधारण सभा र सञ्चालक समितिको गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी निर्णय,

(ख) गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धमा संयुक्त समितिको गठन तथा उक्त समितिको काम, कर्तव्य र अधिकार,

(ग) गाभ्ने गाभिने वा प्राप्ति कार्य सम्पन्न गर्ने समयबद्ध कार्य तालिका,

(घ) गाभ्ने गाभिने वा प्राप्ति कार्य सम्पन्न नभएसम्म संगठित संस्थाहरुको आ-आफ्नो कर्मचारी व्यवस्थापन सम्बन्धमा लिइने निर्णय प्रक्रिया,

(ङ) ड्यु डिलिजेन्स अडिट सम्बन्धी व्यवस्था,

(३) उपदफा (१) बमोजिम प्रारम्भिक समझदारी गरेपश्चात् सोको जानकारी त्यस्तो समझदारी गरेको दिन वा भोली पल्ट कारोवार शुरु हुनु अघि धितोपत्र बजारलाई दिनुपर्नेछ । साथै सो सम्बन्धी जानकारी तीन दिन भित्र बोर्डलाई समेत दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको जानकारी प्राप्त भएपश्चात् धितोपत्र बजारले वेबसाइट मार्फत् अबिलम्व सर्वसाधारणलाई जानकारी प्रदान गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम प्रारम्भिक समझदारी भए पश्चात धितोपत्र बजारले गाभ्ने गाभिने वा लक्षित संगठित संस्थाका आधारभूत शेयरधनीको कारोवार दफा १२ बमोजिमको साधारण सभा सम्पन्न नभएसम्म रोक्का राख्नु पर्नेछ ।

(६) सूचीकृत संगठित संस्थाले उपदफा (१) बमोजिम प्रारम्भिक समझदारी गरेपछि उक्त संगठित संस्थाको साधारण सभाबाट गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रस्तावमा निर्णय नभएसम्म गाभ्ने गाभिने वा प्राप्ति पक्रिया रद्द गर्न पाइने छैन ।

## परिच्छेद-३
## समिति गठन तथा पूर्व स्वीकृति सम्बन्धी व्यवस्था

६. **गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी समिति गठन :** (१) गाभ्ने गाभिने वा प्राप्तिमा संलग्न संस्थाहरुले गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी काम कारवाही अगाडि बढाउन एक संयुक्त समिति गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिमा गाभ्ने गाभिने वा प्राप्तिमा संलग्न प्रत्येक संगठित संस्थाका सञ्चालकहरु मध्येबाट सर्वसाधारण शेयरधनी तर्फका एक जना संचालक सहित बढीमा तीन जनासम्म संचालक सदस्य तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिएको समितिले गाभ्ने गाभिने वा प्राप्तिमा संलग्न संगठित संस्थाका प्रमुख कार्यकारी अधिकृत वा अन्य विज्ञलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सक्नेछ ।

७. **पूर्व स्वीकृतिका लागि निवेदन दिनुपर्ने :** (१) बोर्डमा धितोपत्र दर्ता गराएको कुनै संगठित संस्थाले अर्को संगठित संस्थासँग गाभ्न वा गाभिन वा प्राप्ति सम्बन्धमा पूर्व स्वीकृतिका लागि अनुसूची–१ बमोजिमको ढाँचामा बोर्ड समक्ष संयुक्त रुपमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिनुपर्ने निवेदनसाथ देहायका विवरण तथा कागजात पेश गर्नु पर्नेछ :-

(क) गाभ्ने गाभिने वा प्राप्तिको आवश्यकता तथा औचित्य,

(ख) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण, खुद सम्पत्ति लगायतको वित्तीय विवरण सहितको लेखापरीक्षकको प्रतिवेदन,

(ग) संगठित संस्थाहरुले गाभ्ने, गाभिने वा प्राप्ति सम्बन्धमा गरेको प्रारम्भिक समझदारी,

(घ) गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धमा साधारण सभाले गरेको निर्णय,

(ङ) गाभ्ने गाभिने वा प्राप्ति कार्य सम्पन्न गर्ने समयबद्ध कार्यतालिका,

(च) प्रत्यक्ष नियमनकारी निकायको नियमन दायरा अन्तर्गत रहेका संगठित संस्थाको हकमा सम्बन्धित नियमनकारी निकायको सहमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो सहमति वा स्वीकृति, र

(छ) गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धमा गठन भएको संयुक्त समिति सम्बन्धी विवरण ।

८. **पूर्व स्वीकृति प्रदान गर्ने :** (१) संगठित संस्था गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा दफा ७ बमोजिम प्राप्त भएको निवेदन उपर बोर्डले आवश्यक जाँचबुझ गर्नेछ र त्यस्तो जाँचबुझको सिलसिलामा बोर्डले आवश्यकता अनुसार थप कागजात समेत माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा बोर्डले त्यस्तो संगठित संस्थालाई गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रक्रिया अगाडि बढाउन पूर्व स्वीकृति दिनेछ ।

(३) संगठित संस्थालाई गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रक्रिया अगाडि बढाउन पूर्व स्वीकृति दिंदा बोर्डले आवश्यक शर्तहरु समेत तोक्न सक्नेछ ।

## परिच्छेद-४
## ड्यू डिलिजेन्स अडिट तथा शेयर आदान प्रदान अनुपात गणना सम्बन्धी व्यवस्था

९. **सम्पत्ति तथा दायित्व मूल्यांकन सहित ड्यू डिलिजेन्स अडिट सम्बन्धी व्यवस्था** : (१) दफा ६ को उपदफा (१) बमोजिम गठित समितिले स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गाभ्ने गाभिने वा प्राप्ती गर्ने तथा लक्षित संगठित संस्थाको सम्पत्ति दायित्व तथा कारोबार मूल्याङ्कन सहितको ड्यू डिलिजेन्स अडिट गराउनु पर्नेछ ।

(२) मूल्यांकनकर्ताले ड्यू डिलिजेन्स अडिट गर्दा मूल्याङ्कनको आधार समेत खुलाउनु पर्नेछ ।

१०. **शेयर आदान प्रदान अनुपात निर्धारण गर्नुपर्ने** : (१) दफा ९ बमोजिम ड्यू डिलिजेन्स अडिट गरेपश्चात् संगठित संस्थाले शेयर आदान प्रदान अनुपात निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात सम्बन्धित संस्थाहरुको संचालक समितिबाट अनुमोदन गराई सार्वजनिक गर्नुपर्ने छ । सो सूचना तथा जानकारी सार्वजनिक हुनु अगावै सम्बन्धित पक्षले शेयर आदान प्रदान अनुपात सम्बन्धी सूचना तथा जानकारी चुहावट गर्न पाइनेछैन ।

११. **सम्झौता सम्बन्धी व्यवस्था** : संगठित संस्थाले गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा देहायका विषयहरु खुलाई सम्झौता गर्नु पर्नेछ :-

(क) गाभ्ने गाभिने तथा प्राप्ति गर्ने प्रक्रिया, लाग्ने समय र लागतको विवरण,
(ख) गाभ्ने गाभिने वा प्राप्ति पश्चात् कायम हुने संस्थाको नाम तथा ठेगाना,
(ग) गाभ्ने गाभिने वा प्राप्ति पश्चात् कायम हुने संचालक समितिको संरचना र संचालकको नामावली,

(घ) प्रमुख कार्यकारी अधिकृत सहित कर्मचारी व्यवस्थापन सम्बन्धी व्यवस्था,

(ङ) गाभ्ने गाभिने कार्य सम्पन्न भए पश्चात कायम हुने संगठित संस्थाको नाम, प्रबन्धपत्र तथा नियमावली र पूँजी संरचना,

(च) सरोकारवालाको गुनासो व्यवस्थापन पद्दति र

(छ) शेयर आदान प्रदान अनुपात ।

१२. **गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रस्ताव साधारण सभाबाट पारित गर्नुपर्ने** : यस निर्देशिका बमोजिम गाभ्ने गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न संगठित संस्थाले शेयर आदान प्रदान अनुपात सहित गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धमा साधारण सभाबाट पारित गर्नु पर्नेछ ।

## परिच्छेद-५

## अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था

१३. **अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था** : (१) संगठित संस्थाले अन्तिम स्वीकृतिका लागि दफा ११ बमोजिमको सम्झौता र दफा १२ बमोजिमको साधारण सभाको निर्णय संलग्न गरी संयुक्त रुपमा अनुसूची-२ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ । यसरी निवेदन दिदाँ प्रत्यक्ष नियमनकारी निकायको नियमन दायरा अन्तर्गत रहेका संगठित संस्थाको हकमा सम्बन्धित नियमनकारी निकायको स्वीकृति लिनुपर्ने भए सो समेत लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा त्यस्तो संगठित संस्थासँग थप जानकारी वा कागजात माग गर्न आवश्यक देखेमा बोर्डले थप जानकारी वा कागजात माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा बोर्डले संगठित संस्थालाई एक आपसमा गाभ्न, गाभिन तथा प्राप्ति गर्न अन्तिम स्वीकृति प्रदान गर्नेछ ।

१४. **शेयर कारोवार रोक्का गर्नुपर्ने** : (१) बोर्डबाट गाभ्ने गाभिने वा प्राप्तिका लागि स्वीकृति प्राप्त गरेका संगठित संस्थाले प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम एकीकृत व्यवसायिक कारोवारको स्वीकृति प्राप्त गरेपश्चात् सो को जानकारी सहित एकीकृत व्यवसायिक कारोवार गर्ने मितिको जानकारी बोर्ड, धितोपत्र बजार तथा केन्द्रीय निक्षेप कम्पनीलाई दिनु पर्नेछ ।

(२) धितोपत्र बजारले उपदफा (१) बमोजिम एकीकृत व्यवसायिक कारोवार गर्ने मितिबाट गाभ्ने संस्था वा प्राप्ति गर्ने संस्था र गाभिने संस्था वा लक्षित संस्थाको शेयर मिलान, धितोपत्र पुनः दर्ता, धितोपत्रको अभौतिकिकरण तथा सूचिकरण लगायतका कार्यका लागि बढीमा १५ कार्य दिन शेयर कारोवार रोक्का राख्नु पर्नेछ ।

तर संगठित संस्थाको नाम परिवर्तन नहुने भएमा प्राप्ति गर्ने संस्थाको शेयर कारोबार रोक्का राख्नुपर्ने छैन ।

## परिच्छेद-६

## सूचीकृत संगठित संस्था र सूचीकरण नभएको संगठित संस्था गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी व्यवस्था

१५. **शेयर स्वामित्व सम्बन्धी व्यवस्थाः** (१) सूचीकृत संगठित संस्था र सूचीकरण नभएको संगठित संस्था एक आपसमा गाभ्ने गाभिने वा प्राप्ति हुने भएमा नियमकारी निकायले तोकेको शेयर स्वामित्व अनुसार मिलाउनु पर्नेछ ।

(२) संगठित संस्थाले उपदफा (१) बमोजिम कार्य एकिकृत व्यवसायिक कारोवार शुरु गरेको एक वर्षभित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

## परिच्छेद-७

## विविध

१६. **गाभ्ने गाभिने वा प्राप्ती सम्पन्न गर्नुपर्ने समयावधिः** संगठित सस्थाको गाभ्ने गाभिने वा प्राप्ति कार्य प्रारम्भिक सम्झौता भएको छ महिना भित्र सम्पन्न गरि सक्नु पर्नेछ ।

१७. **बाधा अड्काउ फुकाउन सक्ने :** यस निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा बोर्डले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची-१
## (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)
## संगठित संस्था गाभ्न गाभिन वा प्राप्ति सम्बन्धमा पूर्व स्वीकृतिका लागि दिने निवेदनको ढाँचा

मितिः.......................

श्री नेपाल धितोपत्र बोर्ड ।

..................................

विषयः पूर्व स्वीकृति सम्बन्धमा ।

महोदय,

...................लि. ले ................................. सँग/लाई गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धमा यस संस्थाको संचालक समितिको मिति ................ को निर्णय भएकोले गाभ्ने/गाभिने/प्राप्ति सम्बन्धमा पूर्व स्वीकृति पाउनको लागि यो निवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

भवदीय,

| | | |
|---|---|---|
| नामः | नामः | नामः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| पदः ............ | पदः ............ | पदः ............ |
| संगठित संस्थाको नामः | संगठित संस्थाको नामः | संगठित संस्थाको नामः |
| छापः | छापः | छापः |

**अनुसूची-२**

**(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)**

**संगठित संस्था गाभ्न गाभिन वा प्राप्ति गर्न वा प्राप्ति हुन अन्तिम स्वीकृतिका लागि दिने निवेदनको ढाँचा**

मितिः.......................

श्री नेपाल धितोपत्र बोर्ड ।

.................................

**विषयः अन्तिम स्वीकृति सम्बन्धमा ।**

महोदय,

...................... लि.ले ................................ सँग/लाई गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धमा यस संस्थाको मिति ................ मा बसेको साधारण सभाले निर्णय गरेकोले गाभ्ने/गाभिने/प्राप्ति सम्बन्धमा तहाँबाट अन्तिम स्वीकृति पाउनको लागि देहाय बमोजिम विवरण संलग्न गरी यो निवेदन पेश गरिएको छ ।

**संलग्नः**

१.

२.

३.

भवदीय,

| | | |
|---|---|---|
| नामः | नामः | नामः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| पदः ............ | पदः ............ | पदः ............ |
| संगठित संस्थाको नामः | संगठित संस्थाको नामः | संगठित संस्थाको नामः |
| छापः | छापः | छापः |